महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बुद्धभूमि नगरपालिका
कपिलवस्तु

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. १२३

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बुद्धभूमि नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
कपिलवस्तु ।

कैफियत सहितको राय

हामीले बुद्धभूमि नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. बुद्धभूमि नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड २२ लाख बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू. १४ लाख ७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड २७ लाख ४७ हजार, नियमित गर्नुपर्ने रू. १ करोड ७६ लाख ९६ हजार, सोधभर्ना नलिएको रु. २ लाख ७५ हजार र पेश्की रु. ७५ हजार रहेको छ । नगरपालिकाको गतवर्ष रु. ९ करोड १५ लाख ३८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ३४ लाख ७४ हजार रहेको छ । बुद्धभूमि नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. बुद्धभूमि नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, नर्म्स विपरित खर्च गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बुद्धभूमि नगरपालिका

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
२८	२७	५२२००	०	०	०	२८	२७	५२२००	१४०७	१७६९६	३२७४७	०	२७५	५०७१८	७५

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कपिलवस्तु	९१५३८	०	१०२६४	८१२७४	०	५२२००	१३३४७४

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बुद्दभुमी नगरपालिका, कपिलवस्तु

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	केशव राज सुवेदी	२०७८-८-१९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	अनिल पौडेल	२०७७-४-१	
लेखा प्रमुख	रेनुराम ज्ञवाली	२०७८-१०-२५	
लेखा प्रमुख	राम प्रसाद भट्टराई	२०७७-४-१	
		बेरुजु रकम	५२,२००,६२७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१६,७९,८१,०००	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५४,५१,३१,०००	**चालु खर्च**	३९,८१,७६,०००
प्रदेश सरकारबाट अनुदान	५,७७,३७,०००	**पूँजीगत खर्च**	३०,७३,६५,०००
राजश्व बाँडफाँट	१४,६९,४५,०००	**वित्तीय/अन्य व्यवस्था**	२७,०६,६२,०००
आन्तरिक आय	५,३१,७५,०००		
अन्य आय	२१,२०,९४,०००		
कुल आय	१,०१,५०,८२,०००	**कुल खर्च**	९७,६२,०३,०००
बाँकी मौज्दात		२०,६८,६०,०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			परिचय स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बुद्धभूमि नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बुद्धभूमि नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ३६६.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा ६४९४९ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण उद्देश्य** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।	
३			**वित्तीय व्यवस्था** यस वर्ष पालिकाको सुत्र (SuTRA)को २७२ बाट देखिएको आय व्यय र बाँकीको विवरण यस प्रकार छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		८५,२७,४१,७३२.५९	८२,९८,०९,९०९.९२		८२,९८,०९,९०९.९२	७०,०७,८८,००८.३८		७०,०७,८८,००८.३८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८२,८३,३३,८६४	८०,२९,८६,८७०.३३	०	८०,२९,८६,८७०.३३	६६,७९,६०,१२०.०८	०	६६,७९,६०,१२०.०८
११००० कर	११	१५,००,८७,३००.८९	१६,५९,६८,६१४.१४	०	१६,५९,६८,६१४.१४	१६,०५,८९,५९६.५५	०	१६,०५,८९,५९६.५५
१३००० अनुदान		६१,३५,२५,०८०	६०,२८,६७,०८०	०	६०,२८,६७,०८०	४९,८३,८८,७७६.०४	०	४९,८३,८८,७७६.०४
संघीय सरकार	१२	५४,५१,३०,०८०	५४,५१,३०,०८०	०	५४,५१,३०,०८०	४४,००,६७,६८८.७३	०	४४,००,६७,६८८.७३
प्रदेश सरकार	१२	५,८९,४५,०००	५,७७,३७,०००	०	५,७७,३७,०००	३,६२,७१,०८७.३१	०	३,६२,७१,०८७.३१
अन्तरिक श्रोत		९४,५०,०००	०	०	०	२,२०,५०,०००	०	२,२०,५०,०००
१४००० अन्य राजस्व		६,४७,२१,४८३.११	३,४१,५१,१७६.१९	०	३,४१,५१,१७६.१९	८९,८१,७४७.४९	०	८९,८१,७४७.४९
ख. अन्य प्राप्ति		२,४४,०७,८६८.५९	२,६८,२३,०३९.५९		२,६८,२३,०३९.५९	३,२८,२७,८८८.३०		३,२८,२७,८८८.३०
वितरण गर्न बाकी राजस्व		०	०	०	०	४,८८,८७९	०	४,८८,८७९
कोषहरु		२,४४,०७,८६८.५९	२,११,५१,७३९.५९	०	२,११,५१,७३९.५९	२,५४,५१,३६३.६०	०	२,५४,५१,३६३.६०
धरौटी		०	५६,७१,३००	०	५६,७१,३००	६८,८७,६४५.७०	०	६८,८७,६४५.७०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
भुक्तानी (ग+घ)		९९,२८,७६,९४८.५९	७२,७८,८२,६१२.०३		७२,७८,८२,६१२.०३	५८,२१,३७,१९८.७१		५८,२१,३७,१९८.७१
ग. भुक्तानी (सञ्चित कोषबाट)		९६,८४,६९,०८०	७०,५५,४१,५९१.२५		७०,५५,४१,५९१.२५	५५,९७,५२,१२३.०५		५५,९७,५२,१२३.०५
२१००० पारिश्रमिक / सुविधा	१८	२६,९२,६२,०८०	२३,९१,२४,७२८.६४	०	२३,९१,२४,७२८.६४	२३,५९,१०,५८९.३३	०	२३,५९,१०,५८९.३३
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२०,२१,६२,०००	१३,०५,०४,८९६.११	०	१३,०५,०४,८९६.११	१०,९८,७६,११७.९७	०	१०,९८,७६,११७.९७
२५००० सहायता (Subsidy)	१८	१८,१०,०००	११,९०,०००	०	११,९०,०००	७,००,०००	०	७,००,०००
२६००० अनुदान	१८	१,०४,५२,०००	९८,१७,३११.४२	०	९८,१७,३११.४२	४,६०,९७१	०	४,६०,९७१
२७००० सामाजिक सुरक्षा	१८	२,०८,९०,०००	१,६८,९७,०२०	०	१,६८,९७,०२०	१,४७,८०,५९१.२९	०	१,४७,८०,५९१.२९
२८००० अन्य खर्च	१८	८,००,०००	६,४२,४३५	०	६,४२,४३५	६,६३,४००	०	६,६३,४००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	४६,०६,९३,०००	३०,७३,६५,२००.०८	०	३०,७३,६५,२००.०८	१९,७३,६०,३७३.४६	०	१९,७३,६०,३७३.४६
३२००० वित्तीय सम्पत्ति	१८	२४,००,०००	०	०	०	०	०	०
घ. अन्य भूक्तानी		२,४४,०७,८६८.५९	२,२३,४१,०२०.७८		२,२३,४१,०२०.७८	५८,२१,३७,१९८.७१		५८,२१,३७,१९८.७१
कोषहरु		२,४४,०७,८६८.५९	१,५२,७९,३४९.४७	०	१,५२,७९,३४९.४७	१,६८,२१,१६८.०१	०	१,६८,२१,१६८.०१
धरौटी		०	७०,६१,६७१.३१	०	७०,६१,६७१.३१	५५,६३,९०७.६५	०	५५,६३,९०७.६५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
ङ. यो वर्षको बचत (न्युन)		(१४,०१,३५,२१६)	१०,१९,२७,२९७.८९		१०,१९,२७,२९७.८९	११,८६,५०,८०९.६७		११,८६,५०,८०९.६७
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१६,१५,६६,२४२.२९		१६,१५,६६,२४२.२९	८,९८,५१,८२०.२१		८,९८,५१,८२०.२१
वर्षान्तको बाकी रकम (ङ + च)		(१४,०१,३५,२१६)	२६,३४,९३,५४०.१८		२६,३४,९३,५४०.१८	२०,८५,०२,६२९.८८		२०,८५,०२,६२९.८८
बैंक तथा नगद बाकी	२४		२६,३४,९३,५४०.१८		२६,३४,९३,५४०.१८	३२,८८,८४,१४५.५३		३२,८८,८४,१४५.५३

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाकत्र सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट C-GAS मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
(रू.हजारमा)
<table>
<tr><th>विवरण</th><th>म.ले.प.फा.नं. २७२</th><th>एकीकृत आय व्यय विवरण</th><th>फरक</th></tr>
<tr><td>गत वर्षको अल्या</td><td>१६१५६६</td><td>१६७९८१</td><td>(६४१५)</td></tr>
<tr><td>यस वर्षको आम्दानी</td><td>८२९८१०</td><td>१०१५०८२</td><td>(१८५२७२)</td></tr>
<tr><td>यस वर्षको खर्च रकम</td><td>७२७८८३</td><td>९७६२०३</td><td>(२४८३२०)</td></tr>
<tr><td>बाँकी मौज्दात</td><td>२६३४९३</td><td>२०६८६०</td><td>५६६३३</td></tr>
</table>
लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७२ ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।म.ले.प.फा.नं. २७२ अनुसार एकीकृत आय व्यय विवरणमा घटी रहेको रु५६६३३०००। को हिसाब मिलान हुनु पर्दछ।
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
तलवी प्रतिवेदन
१ तलवी प्रतिवेदनः निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) को उपदफा (२) अनुसार तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउनु नहुने कानुनी व्यवस्था रहेको छ ।पालिकाले तलबी प्रतिवेदन पारित स्वास्थ्य तर्फ रु ३३५८३३०१ खर्च लेखेको छ । ऐनमा व्यवस्थ भए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ।
२ विद्यालयको लेखापरीक्षण प्रतिवेदनः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु १५००० अनुदान दिने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापतको अनुदान रकम निकासा दिए पनि पालिका अन्तर्गत सञ्चालित
</td><td></td></tr>
</table>

<table>
<tr><td>क्रम</td><td>भौचर नम्बर</td><td>भौचर मिति</td><td>बिषय</td><td>बेरुजु रकम</td></tr>
<tr><td></td><td></td><td></td><td>विद्यालयहरुले अन्तिम लेखापरीक्षणको दिनसम्म पनि आर्थिक लेखापरीक्षण गराएको पाइएन ।विद्यालयहरुको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराएर नगरकार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>प्रमाण पेश गर्नुपर्ने

१ पाठ्यपुस्तक खरिदको बिल भरपाई पेश नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्द त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ को बुंदा नं ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक र बुंदा नं ३.२ मा कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन देहायका विद्यालयहरुलाई अनुदान उपलब्ध गराएकोमा उल्लेखित कुनै पनि विद्यालयले पुस्तक खरिदको बिल र वितरणको भरपाई पेश नगरेकोले पुस्तक खरिदको बिल सहित वितरणको भरपाई पेश हुनुपर्ने रु ७२६३०८६
<table>
<tr><td>क सं</td><td>विद्यालयको नाम</td><td>निकासा रकम</td></tr>
<tr><td>१.</td><td>गंगाज्योती मा वि पत्थरकोट</td><td>२७४१०३</td></tr>
<tr><td>२.</td><td>जनज्योती आ वि विरपुर</td><td>१९१०४४</td></tr>
<tr><td>३.</td><td>आदर्श आ वि चंघाट</td><td>४२८८५</td></tr>
<tr><td>४.</td><td>रामेश्वर आ वि फच्कैया</td><td>२५२६९</td></tr>
<tr><td>५.</td><td>मणिअमर आ वि टिक्कर</td><td>२४१११</td></tr>
<tr><td>६.</td><td>गौतमबुद्ध मा वि गोरुसिंगे</td><td>६८४०८७</td></tr>
<tr><td>७.</td><td>आधारभुत विद्यालय बक्डरिया</td><td>१०७०३७</td></tr>
</table></td><td>२३,९८१,४९६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			८.	आधारभुत विद्यालय बडहारा	३५३४८		
			९.	शिवशक्ती आ वि गोरुसिंगे	३८१२६		
			१०.	नेपाल राष्ट्रिय मा वि रनगाई	३५६७४६		
			११.	त्रिशक्ती आ वि बोक्टापुर	१०५५१४		
			१२.	नेपाल राष्ट्रिय आ वि मोर्मी	४७७३४		
			१३.	सरस्वती आ वि घन्चौरा	२००५९		
			१४.	भृकुटी मा वि बुड्ढी	५३८३७८		
			१५.	नेपाल राष्ट्रिय आ वि मोर्मा	१७९३४९		
			१६.	जनकल्याण आ वि बुड्ढी	२७६४९		
			१७.	जनकल्याण आ वि गेल्वार	१५२२०		
			१८.	आदर्श आ वि भैरमपुर	१७८७५		
			१९.	नेपाल राष्ट्रिय मा वि चौरी	२३७६९०		
			२०.	नेपाल राष्ट्रिय आ वि राजपुर	८४७६७		
			२१.	सूर्योदय आ वि पकरेहटी	५४३५२		
			२२.	मायादेवी आ वि कठनिहवा	३८२१२		
			२३.	गुल्शने बगदाद अहले सुन्नत मजहरुल ओलुम गिदहवा	३१२०४		
			२४.	मदरसा अरबिया अहले सुन्नत मजहरुल ओलुम किचराडिहवा	२७९१२		
			२५.	मदरसा अरबिया अहले सुन्नत जियाउल ओलुम गिदहवा	३२८५१		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			२६.	मदरसा फारुकिया एजुकेशन सेन्टर	५८४७८	
			२७.	माध्यमिक विद्यालय महुवा (बाबा)	४१९६५७	
			२८.	जनप्रिय आ वि कोहडौलिया	१२२२८५	
			२९.	सरस्वती आ वि लक्ष्मणपुर	१२२२११	
			३०.	मनकामना आ वि सेमरहना	३७६३२	
			३१.	जानकी आ वि बैरिहवा	५०३०४	
			३२.	मदरसा अरबिया अहले सुन्नत आ वि कोहडौलिया	२६८३२	
			३३.	मदरसा अरबिया अहले सुन्नत नुरुल ओलुम लक्ष्मणपुर	६१५९८	
			३४.	फुलकली मा वि डेरवा	२२५५०१	
			३५.	राष्ट्रिय आधारभुत विद्यालय मानपुर	९०२८१	
			३६.	माध्यमिक विद्यालय निमडाँडा	४८२८९८	
			३७.	सरस्वती मा वि झुसिया	२२०५४१	
			३८.	आधुरभुत विद्यालय कोटिहवाडाँडा	१०३४४८	
			३९.	ने रा आ वि खैरहनिया	६३६५०	
			४०.	जनज्योती आ वि मधुनगरा	३३७७७	
			४१.	जानकी आ वि परशरामपुर	२९७४५	
			४२.	जनकल्याण मा वि बकुलिपुर	३७३५८९	
			४३.	गबदहवा आ वि गबदहवा	१०६२२९	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४४.</td><td>जनज्योती आ वि धमौली</td><td>३८६६५</td></tr>
<tr><td>४५.</td><td>पिपलडाँडा आ वि असनहारा</td><td>१६५८४</td></tr>
<tr><td>४६.</td><td>नवजागरण आ वि भरिया</td><td>३८१०७</td></tr>
<tr><td>४७.</td><td>किसान आ वि चम्पापुर</td><td>६९७३८</td></tr>
<tr><td>४८.</td><td>धनकौली मा वि धनकौली</td><td>२८२३९७</td></tr>
<tr><td>४९.</td><td>कपिलवस्तु रा मा वि चेतरादेई</td><td>४२६७९१</td></tr>
<tr><td>५०.</td><td>सनशाइन सा आ वि ढडिहवा</td><td>१५७३९५</td></tr>
<tr><td>५१.</td><td>आधारभुत विद्यालय हरिदासडिहवा</td><td>४३००४</td></tr>
<tr><td>५२.</td><td>सरस्वती सा आ वि लोहरौल</td><td>५९७१९</td></tr>
<tr><td>५३.</td><td>रबि सा आ वि बिजगौरी</td><td>१५२२४७</td></tr>
<tr><td>५४.</td><td>मदरसा गौसुल ओलुम पिपरहवा</td><td>३३७००</td></tr>
<tr><td>५५.</td><td>अहले हदिश ईस्लामिया धनकौली</td><td>१६२९६</td></tr>
<tr><td>५६.</td><td>मुस्लिम मदरसा पत्थरकोट</td><td>९३३१</td></tr>
<tr><td>५७.</td><td>मदरसा बहरुल ओलुम</td><td>५२९३४</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>७२६३०८६</td></tr>
</table>
२ विद्यालय दिवा खाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ अनुसार प्रत्येक विद्यालयले दैनिक आवश्यकताको ३०% पोषण दिवा खाजाबाट प्राप्त हुने गरी विद्यालयले दिवाखाजा खुवाउनुपर्ने व्यवस्थाको विपरित पालिकामा संचालित सबै विद्यालयले खाजा नखुवाइ विद्यार्थीहरुको अभिभावकलाई नगद वित्तरण गरेको पाइयो यसरी दिवा खाजा पुस्तिकाको व्यवस्था विपरित नगद बाँड्ने</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्य अनुपयुक्त देखिएकोले नर्म्सको पालना हुनुपर्दछ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्द त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।विद्यालयहरुले नगद वितरण गरे तापनि विद्यार्थी उपस्थितिको प्रमाणित हाजिरी पेश नभएकोले विद्यार्थी उपस्थित हाजिरी सहितको प्रमाण पेश हुनुपर्ने रु ११२२६९८५	

क्र सं	विद्यालयको नाम	निकासा रकम
१.	सिद्धार्थ स्मारक मा वि भेलाई	२६४२७०
२.	गंगाज्योती मा वि पत्थरकोट	१६७३२५
३.	जनज्योती आ वि विरपुर	२५८८५५
४.	आदर्श आ वि चंघाट	१६८४०५
५.	रामेश्वर आ वि फच्कैया	८८६०५
६.	मणिअमर आ वि टिक्कर	९३६६०
७.	गौतमबुद्ध मा वि गोरुसिंगे	४९०११०
८.	आधारभुत विद्यालय बक्डरिया	२२६४२५
९.	आधारभुत विद्यालय बडहारा	१६३८४५
१०.	शिवशक्ती आ वि गोरुसिंगे	१८६७८०
११.	नेपाल राष्ट्रिय मा वि रनगाई	२०६८०५
१२.	त्रिशक्ती आ वि बोक्टापुर	१२८५३५
१३.	नेपाल राष्ट्रिय आ वि मोर्मी	१८९९४५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			१४.	सरस्वती आ वि घन्चौरा	८९२८०	
			१५.	नेपाल राष्ट्रिय आ वि मोर्मा	१८१९५०	
			१६.	जनकल्याण आ वि बुड्ढी	११८२१५	
			१७.	जनकल्याण आ वि गेल्वार	६५५०५	
			१८.	आदर्श आ वि भैरमपुर	५९९७०	
			१९.	नेपाल राष्ट्रिय मा वि चौरी	१५९९००	
			२०.	नेपाल राष्ट्रिय आ वि राजपुर	१४९२२०	
			२१.	सूर्योदय आ वि पकरेहटी	१३१६४०	
			२२.	मायादेवी आ वि कठनिहवा	१४४२१०	
			२३.	गुल्शने बगदाद अहले सुन्नत मजहरुल ओलुम गिदहवा	५७४५०	
			२४.	मदरसा अरबिया अहले सुन्नत मजहरुल ओलुम किचराडिहवा	१०४८५०	
			२५.	मदरसा अरबिया अहले सुन्नत जियाउल ओलुम गिदहवा	६७२००	
			२६.	मदरसा फारुकिया एजुकेशन सेन्टर	१५६७९५	
			२७.	माध्यमिक विद्यालय महुवा (बाबा)	५००५५०	
			२८.	जनप्रिय आ वि कोहडौलिया	१८९६१५	
			२९.	सरस्वती आ वि लक्ष्मणपुर	४०४४७५	
			३०.	मनकामना आ वि सेमरहना	१३४८५०	
			३१.	जानकी आ वि बैरिहवा	१७७९९०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			३२.	मदरसा अरबिया अहले सुन्नत आ वि कोहडौलिया	७११६०	
			३३.	मदरसा अरबिया अहले सुन्नत नुरुल ओलुम लक्ष्मणपुर	१४१४५०	
			३४.	फुलकली मा वि डेरवा	२७७६६५	
			३५.	राष्ट्रिय आधारभुत विद्यालय मानपुर	३४५१६५	
			३६.	माध्यमिक विद्यालय निमडाँडा	३९५७७५	
			३७.	सरस्वती मा वि झुसिया	३२६९२५	
			३८.	आधुरभुत विद्यालय कोटिहवाडाँडा	३२२३९५	
			३९.	ने रा आ वि खैरहनिया	१७४७९५	
			४०.	जनज्योती आ वि मधुनगरा	१५५०१०	
			४१.	जानकी आ वि परशरामपुर	९७७४०	
			४२.	जनकल्याण मा वि बकुलिपुर	२०३१६०	
			४३.	गबदहवा आ वि गबदहवा	१६१६४०	
			४४.	जनज्योती आ वि धमौली	१४४५१०	
			४५.	पिपलडाँडा आ वि असनहारा	७३७५५	
			४६.	नवजागरण आ वि भरिया	११२७४०	
			४७.	किसान आ वि चम्पापुर	२५८७८०	
			४८.	धनकौली मा वि धनकौली	३८८४५५	
			४९.	कपिलवस्तु रा मा वि चेतरादेई	३८३५२०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

५०.	सनशाइन सा आ वि ढडिहवा	३२०७४५
५१.	आधारभुत विद्यालय हरिदासडिहवा	२०८१५५
५२.	सरस्वती सा आ वि लोहरौल	१९०७८५
५३.	रबि सा आ वि बिजगौरी	५२९१२५
५४.	मदरसा गौसुल ओलुम पिपरहवा	९०८१०
५५.	अहले हदिश ईस्लामिया धनकौली	६५१४५
५६.	जागृती बालबिकास केन्द्र बरकुलपुर	२७७०५
५७.	बुद्धज्योती बालबिकास केन्द्र मैटहवा	३१७८५
५८.	डुमरा बालबिकास केन्द्र	२१५४०
५९.	मुस्लिम मदरसा पत्थरकोट	२३१००
६०.	मदरसा बहरुल ओलुम	१५६२२०
	जम्मा निकासा	११२२६९८५

३ कोभिड १९ स्वास्थ्य सुरक्षा व्यवस्थापन अनुदानः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि पालिकामा संचालित सामुदायिक विद्यालयहरुलाई बालबिकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थि रु २०० का दरले स्वास्थ्य सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यमा खर्च गर्न अनुदान दिने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्द त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले भौ नं १८१।२०७८।३।२० बाट स्वास्थ्य सुरक्षा व्यवस्थापन र इन्टरनेट जडानको लागि अनुदान निकासा दिएकोमा श्रेस्ता परीक्षण

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गर्दा देहायका विद्यालयहरुले स्वास्थ्य सुरक्षा व्यवस्थापनमा गरेको खर्च र इन्टरनेट जडानको बिल भरपाई पेश नगरेकोले उक्त अनुदानको सम्बन्धित शीर्षकमा खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु ३८७४८००	

क सं	विद्यालयको नाम	निकासा रकम		कुल अनुदान
		CUG	इन्टरनेट	
१.	सिद्धार्थ स्मारक मा वि भेलाई	१७२४००	०	१७२४००
२.	गंगाज्योती मा वि पत्थरकोट	९७८००	०	९७८००
३.	जनज्योती आ वि विर्पुर	६७६००	१२०००	७९६००
४.	आदर्श आ वि चंघाट	२१६००	१२०००	३३६००
५.	रामेश्वर आ वि फच्कैया	१२६००	१२०००	२४६००
६.	मणिअमर आ वि टिक्कर	१२४००	१२०००	२४४००
७.	गौतमबुद्ध मा वि गोरुसिंगे	२६८८००	०	२६८८००
८.	आधारभुत विद्यालय बक्डरिया	४६८००	१२०००	५८८००
९.	आधारभुत विद्यालय बडहारा	२४०००	१२०००	३६०००
१०.	शिवशक्ती आ वि गोरुसिंगे	२१४००	१२०००	३३४००
११.	नेपाल राष्ट्रिय मा वि रनगाई	१११६००	०	१११६००
१२.	त्रिशक्ती आ वि बोक्टापुर	३८०००	१२०००	५००००
१३.	नेपाल राष्ट्रिय आ वि मोर्मी	२४८००	१२०००	३६८००
१४.	सरस्वती आ वि घन्चौरा	१२६००	१२०००	२४६००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			१५. भूकुटी मा वि बुङ्खी	२००८००	०	२००८००	
			१६. नेपाल राष्ट्रिय आ वि मोर्मा	५६६००	१२०००	६८६००	
			१७. जनकल्याण आ वि बुङ्खी	१५८००	१२०००	२७८००	
			१८. जनकल्याण आ वि गेल्वार	१००००	१२०००	२२०००	
			१९. आदर्श आ वि भैरमपुर	१००००	१२०००	२२०००	
			२०. नेपाल राष्ट्रिय मा वि चौरी	७८६००	०	७८६००	
			२१. नेपाल राष्ट्रिय आ वि राजपुर	३५०००	१२०००	४७०००	
			२२. सूर्योदय आ वि पकरेहटी	२७४००	१२०००	३९४००	
			२३. मायादेवी आ वि कठनिहवा	१९६००	१२०००	३१६००	
			२४. गुल्शने बगदाद अहले सुन्नत मजहरुल ओलुम गिदहवा	१२४००	१२०००	२४४००	
			२५. मदरसा अरबिया अहले सुन्नत मजहरुल ओलुम किचराडिहवा	१७०००	१२०००	२९०००	
			२६. मदरसा अरबिया अहले सुन्नत जियाउल ओलुम गिदहवा	१२२००	१२०००	२४२००	
			२७. मदरसा फारुकिया एजुकेशन सेन्टर	२१२००	१२०००	३३२००	
			२८. माध्यमिक विद्यालय महुवा (बाबा)	१४९०००	०	१४९०००	
			२९. जनप्रिय आ वि कोहडौलिया	४९०००	१२०००	६१०००	
			३०. सरस्वती आ वि लक्ष्मणपुर	५५६००	१२०००	६७६००	
			३१. मनकामना आ वि सेमरहना	१९८००	१२०००	३१८००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			३२.	जानकी आ वि बैरिहवा	२५६००	१२०००	३७६००	
			३३.	मदरसा अरबिया अहले सुन्नत आ वि कोहडौलिया	९८००	१२०००	२१८००	
			३४.	मदरसा अरबिया अहले सुन्नत नुरुल ओलुम लक्ष्मणपुर	२२४००	१२०००	३४४००	
			३५.	फुलकली मा वि डेरवा	८७०००	०	८७०००	
			३६.	राष्ट्रिय आधारभुत विद्यालय मानपुर	४८८००	१२०००	६०८००	
			३७.	माध्यमिक विद्यालय निमडाँडा	१५८४००	०	१५८४००	
			३८.	सरस्वती मा वि झुसिया	८०२००	१२०००	९२२००	
			३९.	आधुरभुत विद्यालय कोटिहवाडाँडा	४९८००	१२०००	६१८००	
			४०.	ने रा आ वि खैरहनिया	३०२००	१२०००	४२२००	
			४१.	जनज्योती आ वि मधुनगरा	१९४००	१२०००	३१४००	
			४२.	जानकी आ वि परशरामपुर	१५२००	१२०००	२७२००	
			४३.	जनकल्याण मा वि बकुलिपुर	१८२२००	०	१८२२००	
			४४.	माध्यमिक विद्यालय इमलिया	२६३२००	०	२६३२००	
			४५.	गबदहवा आ वि गबदहवा	३७०००	१२०००	४९०००	
			४६.	जनज्योती आ वि धमौली	२१८००	१२०००	३३८००	
			४७.	पिपलडाँडा आ वि असनहारा	१०६००	१२०००	२२६००	
			४८.	नवजागरण आ वि भरिया	१७८००	१२०००	२९८००	
			४९.	किसान आ वि चम्पापुर	३५४००	१२०००	४७४००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

५०.	धनकौली मा वि धनकौली	९६२००	०	९६२००
५१.	कपिलवस्तु रा मा वि चेतरादेई	१४७६००	०	१४७६००
५२.	सनशाइन सा आ वि ढडिहवा	६६८००	१२०००	७८८००
५३.	आधारभुत विद्यालय हरिदासडिहवा	२२०००	१२०००	३४०००
५४.	सरस्वती सा आ वि लोहरौल	३०८००	१२०००	४२८००
५५.	रबि सा आ वि बिजगौरी	६८८००	१२०००	८०८००
५६.	मदरसा गौसुल ओलुम पिपरहवा	१३२००	१२०००	२५२००
५७.	अहले हदिश ईस्लामिया धनकौली	६०००	१२०००	१८०००
५८.	जागृती बालबिकास केन्द्र बरकुलपुर	३८००	०	३८००
५९.	बुद्धज्योती बालबिकास केन्द्र मैटहवा	३८००	०	३८००
६०.	डुमरा बालबिकास केन्द्र	२८००	०	२८००
६१.	मुस्लिम मदरसा पत्थरकोट	४०००	१२०००	१६०००
६२.	मदरसा बहरुल ओलुम	१९८००	१२०००	३१८००
	जम्मा निकासा	३३२२८००	५५२००००	३८७४८००

४ **CUG सेवाको लागि भुक्तानीः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकारणका लागि शिक्षक तथा विद्यार्थीहरुलाई CUG सेवामा आवद्ध गर्न स्थानिय तहका सामुदायिक विद्यालयमा अध्धयनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरुको वास्तविक संख्या यकिन गरी प्रति विद्यार्थी रु. १२५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			का दरले ३ महिनाको लागि हुन आउने रकम विद्यालयलाई अनुदान दिने व्यवस्था छ ।नगरपालिकाले भौ नं २१४।२०७८।३।२४ बाट कक्षा ८ देखि १२ सम्मका विद्यार्थीका लागि CUG सेवाको लागि रु १६१६६२५ निकासा दिएकोमा कुनै पनि विद्यालयबाट CUG सिम खरिद गरेको नेपाल टेलिकमको बिल पेश नभएकोले अनुदान प्राप्त सबै विद्यालयहरुले नेपाल टेलिकमबाट खरिद गरेको CUG सिमको बिल र वितरण गरेको भरपाई समेत पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु १६१६६२५	

क्र सं	विद्यालयको नाम	अनुदान रकम
१.	सिद्धार्थ माध्यमिक विद्यालय भेलाई	१७२८७५
२.	गंगाज्योती मा वि पत्थरकोट	१०९५००
३.	जनज्योती आ वि विरपुर	१८७५०
४.	गौतमबुद्ध मा वि गोरुसिंगे	२७४१२५
५.	नेपाल राष्ट्रिय मा वि रनगाई	१०८७५०
६.	त्रिशक्ती आ वि बोक्टापुर	९०००
७.	भृकुटी मा वि बुड्ढी	२१४८७५
८.	नेपाल राष्ट्रिय आ वि मोर्मा	२०२५०
९.	नेपाल राष्ट्रिय मा वि चौरी	४२७५०
१०.	माध्यमिक विद्यालय महुवा (बाबा)	७१२५०
११.	फुलकली मा वि डेरवा	३००००
१२.	माध्यमिक विद्यालय निमडाँडा	९४१२५
१३.	सरस्वती आ वि झुसिया	११६२५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४.</td><td>जनकल्याण मा वि बकुलिपुर</td><td>११४०००</td></tr>
<tr><td>१५.</td><td>माध्यमिक विद्यालय इमलिया</td><td>१९२३७५</td></tr>
<tr><td>१६.</td><td>गबदहवा आ वि गबदहवा</td><td>९७५०</td></tr>
<tr><td>१७.</td><td>धनकौली मा वि धनकौलि</td><td>३३०००</td></tr>
<tr><td>१८.</td><td>कपिलवस्तु रा मा वि चेतरादेई</td><td>८९६२५</td></tr>
<tr><td></td><td>जम्मा रकम</td><td>१६१६६२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>
असुल गर्नुपर्ने

१ पाठ्यपुस्तक वितरणः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ को बुंदा नं ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक र बुंदा नं ३.२ मा कक्षा ११ र १२ अध्ययनरत विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन अनुदानको व्यवस्था छ।पालिकाले सो व्यवस्था अनुसार देहायका विद्यालयहरुलाई भौ नं १५८।०७८।३।१३ बाट रु ८५०७६२५ पाठ्यपुस्तक अनुदान दिएकोमा ती विद्यालयहरुले पालिकामा पेश गरेको बिल र आ व २०७७।७८ को सामाजिक परिक्षण प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन अनुसार पाठ्यपुस्तकको लागि निकासा भएको रकम भन्दा पाठ्यपुस्तक खरिद गरेको रकम घटी देखिएको छ । तसर्थ देहायका विद्यालयहरुबाट बढी निकासा भएका रकम असुल गर्नुपर्ने रु २६०८१६
<table>
<tr><th>क्र सं</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>खर्च रकम</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>सिद्धार्थ स्मारक मा वि भेलाई</td><td>५१००५३</td><td>४८४९८१</td><td>२५०७२</td></tr>
<tr><td>२</td><td>माध्यमिक विद्यालय इमिलिया</td><td>७३४४६२</td><td>४९८७१८</td><td>२३५७४४</td></tr>
<tr><td></td><td>जम्मा असुल</td><td>१२४४५१५</td><td>९८३६९९</td><td>२६०८१६</td></tr>
</table>
</td><td>८१६,२२१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

२ दिवा खाजाः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले अनुदानको व्यवस्था गरेको छ ।नगरपालिकाले भौ नं ७४।०७७।११।११ बाट रु ४९८४१२५ र भौ नं १८०।०७८।३।२० बाट रु ७३२७८९० गरी जम्मा रु १२३१२१०५ दिवा खाजाको लागि निकासा दिएकोमा विद्यार्थी उपस्थितीको आधारमा देहायका विद्यालयहरुलाई खर्च भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी रकम ती विद्यालयहरुबाट असुल गरी राजश्व खातामा जम्मा गर्नुपर्ने रु ५५५४०५

<table>
<tr><th>क्र सं</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th><th>खर्च रकम</th><th>बढी निकासा१</th></tr>
<tr><td>१</td><td>भृकुटी मा वि बुङ्ढी</td><td>२१९६६०</td><td>१६१७१५</td><td>५७९४५</td></tr>
<tr><td>२</td><td>माध्यमिक विद्यालय इमिलिया</td><td>८६५३८०</td><td>३६७९२०</td><td>४९७४६०</td></tr>
<tr><td></td><td>जम्मा असुल</td><td>१०८५०४०</td><td>५२९६३५</td><td>५५५४०५</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>

अन्य कार्यालयको खर्च

अन्य कार्यालयको खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । इलाका प्रहरी कार्यालय, गोरूसिंगेमा बाउण्ड्रिवाल निर्माण रू. ७६२८६९।—, डुमरा प्रहरी विटमा शौचालय निर्माण रू. ७२०३१।— र पश्चिम नेपाल वस व्यवसायी प्रा.लि.लाई रू. ४८७५० हजार समेत रू. ८८३६५०।— खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>खरिद व्यवस्थापन</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>ठेक्काको विवरण— निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>मालसामानको गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:

कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
देहायका मालसामान खरिद गरी सम्वन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण-परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

<table>
<tr><th>गो.भौ. र मिति</th><th>मालसामानको नाम</th><th>बिक्रेता</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>११७—२०७८।११।२५</td><td>अफिस टेवल</td><td>क्वालिटी ग्लास एण्ड फर्निसिङ</td><td>१९७७५०</td></tr>
<tr><td>११८—२०७८।२६</td><td>कम्प्युटर</td><td>इन्टरफेस कम्प्युटर सिस्टम</td><td>४९५०००</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			३३१—२०७८।३।२३ / सोलार बत्ती / ग्लोरियस कम्प्युटर (उस मार्फत कार्य गराएको) / १४०८८७५	
९			**सम्पत्तिको उपयोग संरक्षण र प्रतिवेदन**	
९.१			सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
९.२			सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ ।	
९.३			प्रतिवेदनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने, आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय—व्ययको चौमासिक	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन । ऐनको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१०			**बजेट तथा कार्यक्रम**	
१०.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था बमोजिम नगरेको छ । यस स्थानीय तहमा उपप्रमुख श्री मिरा थारूले मिति २०७७।३।१० गते रू. ९५ करोड ९२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।२८ गते पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
१०.२			बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.३			बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
१०.४			नीति तथा मार्गदर्शनः नगरपालिकाको आ.व. २०७७।०७८ को नीति तथा मार्गदर्शन २०७७ असार १० गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्: • कार्यालयमा रहेका ग्रेडर, रोलरहरूको सञ्चालनका लागि सूचना प्रकासन गरी निजी क्षेत्रलाई बार्षिक वा द्विवार्षिक रूपमा जिम्मा दिन नीतिगत, कार्यविधिगत व्यवस्था गर्ने • उपभोक्ता समिति मार्फत सञ्चालन हुने ७ लाख भन्दा बढीको निर्माणको हकमा रेडी मिक्स प्रयोग गराउने • वडाबाट सञ्चालन हुने योजना २ लाख भन्दा कम नहुने गरी तथा नगरपालिकाबाट सञ्चालन हुने योजनाको हकमा ४ लाख भन्दा कमका योजना नवनाउने व्यवस्था मिलाउने • उपभोक्ता समिति र प्रतिस्पर्धाबाट सञ्चालन हुने योजनाको हकमा कार्यतालिका लागु गर्ने • ल्याण्डफिल्ड साइट निर्माण गर्ने कार्य अगाडि बढाउने • विद्यालयको जग्गा उपयोग सम्बन्धी मापदण्ड निर्धारण गर्ने • बैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उद्यमशिलता मार्फत स्वरोजगार बन्न चाहनेहरूलाई बैंक तथा सहकारी मार्फत कम्तिमा १ प्रतिशत व्याजमा २ वर्षसम्म ऋणका लागि बजेट व्यवस्था गर्ने • सहकारीहरूको प्रोफाइल तथा साझेदारी प्रवर्दनका लागि नगरपालिकासँग साझेदारी गर्ने गरी बजेट व्यवस्था गर्ने	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न पाँच वर्षे शैक्षिक रणनीति अध्यावधिक गर्ने • पशुपंक्षी तथा खेतीमा हुने महामारी रोकथामका लागि आकस्मिक कोषकत्र व्यवस्था गरी सोका लागि बजेटको व्यवस्था गर्ने • बजार क्षेत्रको सौन्दर्यीकरणको लागि पूर्व पश्चिम राजमार्ग लगायत मुख्य सडकहरूको आसपासमा वृक्षारोपणको लागि बजेट व्यवस्था गर्ने	
१०.५			स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
११			**कोभिड व्यवस्थापन** पालिकाले विपद व्यवस्थापन कोष तर्फको रु १ करोड ८७ लाख ०९ हजार १ सय ८५ आय र रु १ करोड २९ लाख १ हजार ५ सय ७५ खर्च भएको देखाइ रु ५८ लाख बचत भएको प्रमाण पेश गरेको छ ।	
१२			**संगठन तथा कर्मचारी व्यवस्थापन**	
१२.१			**कर्मचारी पदपूर्तीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९८ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म शिक्षा अधिकृत सहित ७५ जना पदपूर्ति भएको देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१२.२			**कर्मचारी करार–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारीहरू करारमा राखी रू. ९८ लाख ७३ हजार खर्च लेखेको छ ।	
१२.३			स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कानून नबनाई प्रोत्साहन भत्ता खर्च गर्नु नियमसंगत नदेखिएको रु	३,५५५,३२५
१२.४			**सेवा प्रवाहः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८(५) बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाइ पारदर्शी उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाइ प्रभावकारी बनाउने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको योजनामा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण नभएकोले पारदर्शिता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन ।	
१३			**पदाधिकारी सुविधा** • आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । • लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा, मर्मत सुविधा, अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष रु.१ करोड १५ लाख ८२ हजार खर्च भुक्तानी गरेको देखियो । • कार्यालयले उल्लिखित अनुसारको रु. रु.१ करोड १५ लाख ८२ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१४			**पेश्की**	७५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ। पालिकाका कर्मचारी चिरन्जिवी आचार्यले भौ नं २५८ ०९।२९ मा कार्यक्रम खर्च प्रयोजनार्थ लिएको पेश्की फर्छ्यौट गर्नुपर्नें रु	
१५			**साईकल खरिद** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले लागत अनुमान रु २०३३६०० रहेको ठेक्का नं. ३५-२०७७/७८ को साईकल खरिद कार्य रु १९६१९६० मा निर्माण व्यवसायी एल. एन. सप्लायर्सबाट गरेको छ । वार्ड नं. ५, ६, ७, ८ र १० का छात्रालाई विद्यालय शिक्षामा अध्ययन गर्न आकर्षित गर्ने उद्देश्यले नगरपालिकाले २४८ थान साईकल खरिद गरेको हो। नगरपालिकाले साईकल वितरण सम्बन्धी आवश्यक कार्यविधि नबनाई बजेट फ्रिज नहुने उद्देश्यले साईकल वितरण गरेको देखियो । यस सम्बन्धमा रहेका व्यहोराहरु यसप्रकारका छन् । १. नगरपालिकाले सम्वन्धित विद्यालयबाट विद्यार्थी (छात्रा) हरुको नाम, कक्षा, फोटो, जन्मदर्ता र अभिभावक समेतको नागरिकताको प्रमाणपत्र सहितका आवश्यक प्रमाणपत्र पेश गर्नुका साथै साईकल वितरणको भरपाई समेत पेश गर्नुपर्ने रु २. नगरपालिकाले शिक्षा क्षेत्रमा दलित तथा जेहान्दार विद्यार्थीहरुलाई आकर्षित गर्ने उद्देश्यले साईकल वितरण गरेकोमा वास्तविक लक्षित समूह वा समुदायले साईकल पाए वा पाएन सोको नियमित अनुगन तथा मूल्यांकन गर्नपर्नेमा सोको अनुगमन तथा मूल्यांकन गरेको छैन । ३. नगरपालिकाले २४८ थान साईकल खरिद गरेकोमा सोको जिन्सी खातामा आम्दानी जनाई विद्यालयलाई हस्तान्तरण गर्नुपर्नेमा सोझै विना अभिलेख विद्यालयलाई साईकल हस्तानन्तरण गरेको छ । ४. नगरपालिकाले छात्राहरुलाई साईकल वितरण गरेकोमा सो मध्ये के कति विद्यार्थी (छात्रा)हरुले साईकल प्राप्त गरी कक्षाको क्रम भंग नगरेको अर्थात नियमित रुपमा विद्यालयमा अध्ययन गरिरहेका छन् सोको एकिन गर्न सकिएन ।	१,९६१,९६०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६			**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवाधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने व्यवस्था छ । त्यस्तै, नियमावलीको नियम १२१ (क) मा निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले लागत अनुमान रु ४३८७४१९ रहेको ठेक्का नं. २०-२०७७/७८ को निर्माण कार्य लोकमार्ग -बरकुलपुर सडक योजना निर्माण व्यवसायी श्याम एण्ड सन्स निर्माण सेवासँग मिति २०७८/२/१५ मा सम्पन्न गर्ने गरी रु २९९७८०१ मा मिति २०७७/८/२१ मा सम्झौता गरेको छ । निमार्ण व्यवसायी श्याम एण्ड सन्स निर्माण सेवाले निर्माण कार्य मिति २०७८/२/३० मा सम्पन्न गरेको कार्य सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गरेको छ । निमार्ण व्यवसायीले नियमावलीको नियम १२० (१) बमोजिम खरिद सम्झौता को म्याद सकिनु कम्तिमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेमा दिएको देखिएन । नगरपालिकाले निर्माण कार्यको अवधि थप बेगर रु २९७९५१२ भुक्तनी दिएको छ । अत : निर्माण व्यवसायीले निर्माण कार्य १५ दिन ढिला गरी सम्पन्न गरेकोले निजबाट नियमावलीको नियम १२१ (क) बमोजिम सम्झौता रकम रु २९९७८०१ को प्रति दिन शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु	२२,४८४
१७			**एकीकृत कार्यसम्पादन प्रतिवेदन तयार नगरेको :**	२,०७७,२३५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यसम्पादन प्रतिवेदन पेश गर्नुपर्नेः सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ ।यस नगरपालिकाबाट वडा नं ३ मा ट्रस ब्रिज निर्माण गर्न ठेक्का पट्टाको माध्यमबाट फेब्रिकेट/स्टिल पार्टस रु १२८५४९५ मा खरिद गरी उक्त ब्रिज निर्माण गर्न उपभोक्ता समिति गठन गरी निर्माण बापत रु ७९१७४१ भुक्तानी भएको छ ।उक्त पूलको एकिकृत लागत अनुमान स्वीकृत गरी सोही आधारमा प्रक्रिया अघि बढाउनुपर्नेमा टुक्रा टुक्रा लागत अनुमान बनाई सोही आधारमा कार्य गरेकोले एकिकृत कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन ।यसरी ट्रस ब्रिजको वास्तविक खर्च खुल्ने गरी एकिकृत रुपमा लागत अनुमानको आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार नभएको रु</td><td></td></tr>
<tr><td>१८</td><td>३५६</td><td>०७८।३।२६</td><td>पूर्व निर्धारित क्षतिपूर्ति :

पूर्व निर्धारित क्षतिपूर्तीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तिमा एक्काईस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने व्यवस्था छ । त्यस्तै, नियमावलीको नियम १२१ (क) मा निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ।देहायका निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेकोले नियमानुसार पूर्वनिर्धारित निर्धारित क्षतिपूर्ती असुल हुनुपर्ने रु
<table>
<tr><th>भौ नं/मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>सम्झौता कामको विवरण</th><th>भुक्तानी रकम</th><th>सम्झौता रकम</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>सम्पन्न गरेको मिति</th><th>ढिला दिन</th><th>क्षतिपूर्ती</th></tr>
<tr><td></td><td>भरत निर्माण सेवा</td><td></td><td>१६२७४४१</td><td>१६४०८१०</td><td>२०७७।९।८</td><td></td><td>४७</td><td>३८५५९</td></tr>
</table></td><td>१२४,३३०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५६।०७८।३।२६</td><td></td><td>ने रा मा वि कम्पाउन्ड वाल</td><td></td><td></td><td></td><td>२०७८।१।३०</td><td></td><td></td></tr>
<tr><td>३५८।०७८।३।२६</td><td>शिवम बिल्डर्स</td><td>मघुवा सडक ब्रिज कालोपत्रे</td><td>५७७४७५३</td><td>५७७४७५३</td><td>२०७७।९।८</td><td>२०७८।२।१५</td><td>३०</td><td>८५७७१</td></tr>
<tr><td colspan="8">जम्मा असुल</td><td>१२४३३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>कन्टिजेन्सी खर्चको अभिलेख :

कन्टिन्जेन्सी खर्चको अभिलेखः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु २९ लाख १७ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. १ लाख ५३ हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>एज बिल्ट ड्रइङ्ग :

एज बिल्ट ड्रइगः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेश गर्नुपर्ने साथै निर्माण व्यवसायीहरुसँग भएको सम्झौताको दफा ७२.१ मा निर्माण व्यवसायीले ३० दिनभित्र एज बिल्ट ड्रइग पेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा तोकिएको रकम रोक्का (विद हेल्ड) राख्नुपर्ने व्यवस्था समेत रहेको छ । यस वर्ष नमूना छनोट गरी परीक्षण गरिएकामध्ये यस वर्ष अन्तिम</td><td>२५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बिल भुक्तानी भएका निम्नलिखित योजनाको एज बिल्ट ड्इग बेगर भुक्तानी भएको देखिएकोले सम्झौताको प्रावधान अनुसार एज बिल्ट ड्रइग पेश हुनु पर्ने रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>निर्माण व्यवसायी</th><th>सम्झौतानुसार रोक्का राख्नु पर्ने रकम</th></tr>
<tr><td>३४—२०७७।९।२१</td><td>श्रीरा निर्माण सेवा</td><td>२००००.००</td></tr>
<tr><td>२९—२०७७।९।९</td><td>मिनु कन्ष्ट्रक्सन</td><td>५०००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२५०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>भेरिएसन आदेश :

भेरिएसन आदेशः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नु पर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण, लागत अनुमानमा प्रभाव पार्ने भए सो के प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा भेरिएसन गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्ने व्यवस्था छ । ठेक्का नं. ३५/BM/POW/२०७५-०७६ को भृकुटी चोक—राजपुर—प्रेमनगर—कठानिहवा—लोहरौला—चेत्रदेही सडक स्तरोन्नति तथा मटरेवल पुल निर्माण कार्यको माटो, बक्स कल्भर्ट लागत अनुमानमा लम्वाई र चौडाई बढ्ने कारण देखाइ भेरिएसन स्वीकृत गराएको छ । उक्त आदेश नियमावलीमा उल्लेखित व्यहोरा खुलाएको पाइएन । काम</td><td>१४१९६५२.०५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्पन्न भए पछि नापीमा सम्झौता रकमको ४.४३ प्रतिशत बढीले भेरिएशन भएको उल्लेख छ । निर्माण कार्यको कुल लागत अनुमान रू. ३२०१७७४०.६६ भएकोमा भेरिएशन पछि रू. ३३४३७३९२.७१ मा कार्य सम्पन्न भएकोले रू. १४१९६५२.०५ थप व्ययभार परेको छ । कार्यालय प्रमुखबाट २०७७।१२।१९ मा स्वीकृत भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याईं पेश गर्नु पर्ने रू.</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>दररेट फरकः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा निम्नानुसारका कार्यको स्वीकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम भएको दर रेट भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं. / मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>एकाई</th><th>परिमाण</th><th>भुक्तानी हुनुपर्ने</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td colspan="3">प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५०-२०७८/३/३०</td><td>बहुउद्देशीय सभाहल नि.उ.स.४</td><td>Brick masonary (१:४)</td><td>घ.मी.</td><td>२७.५</td><td>१२१८६</td><td>१३६८५</td><td>१४९९</td><td>३७१००</td></tr>
<tr><td>४६-२०७८/३/३०</td><td>साझा न्यूज</td><td>Brick masonary (१:४)</td><td>घ.मी.</td><td>२७.४५</td><td>१२१८६</td><td>१३७०६</td><td>१५२०</td><td>३७५५२</td></tr>
<tr><td colspan="3">संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२४-२०७८/३/३०</td><td>सिद्धार्थ मा.बि. १</td><td>Brick masonary (१:६)</td><td>घ.मी.</td><td>३९.५५</td><td>१२५९७</td><td>१३७५९</td><td>११६२</td><td>४१३६१</td></tr>
<tr><td>२३-२०७८/३/३०</td><td>श्री मा.बि. महुवा बाबा ६</td><td>Brick masonary (१:६)</td><td>घ.मी.</td><td>४१.८१</td><td>९७३२</td><td>१३७५९</td><td>४०२७</td><td>१५१५३२</td></tr>
<tr><td colspan="8">जम्मा रकम</td><td>२६७५४५</td></tr>
</table></td><td>२६७,५४५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**प्राविधिक बिल र कार्यसम्पन्न :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । योजना शाखाले उपभोक्ता समितिबाट निर्माण कार्यको प्राप्त हुन आएका बिल भरपाईहरु प्राविधिकले नापी किताबमा पेश गरेको बास्तबिक कार्यको आइटम अनुसार मेल नखाई कुनै आइटमको कामको परिमाण नापीकिताब र बिल भरपाई बीच एकरुपता कायम हुन नसकेकाले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
२४			**जटिल संरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन ब्वाईलर जस्ता हेभी मेसीनहरु प्रयोग गर्न नसकिने व्यवस्था छ । नगरपालिकाले आर.सि.सी., फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :- भौ.नं./ मिति — उपभोक्ता समितिको नाम — भुक्तानी रकम ५०-२०७८/३/३० — बुद्धभुमि बहुउद्देशीय सभाहल निर्माण उ. स. ४ — ३०३२२९९	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४१-२०७८/३/३०</td><td>बुद्धभुमि क्याम्पस निर्माण उ. स. ९</td><td>१४५५०००</td></tr>
<tr><td>३५-२०७८/३/२४</td><td>रनगई स्वास्थ्य चौकी बाउण्ड्री बाल निर्माण उ.स. ३</td><td>९६१४८२</td></tr>
<tr><td>१६-२०७८/३/१३</td><td>ने.रा.मा.बि. अधुरो भवन निर्माण उ.स. ५</td><td>९६६५०२</td></tr>
<tr><td>५-२०७८/१/१५</td><td>भृकुटी सामुदायिक भवन निर्माण उ.स. ९</td><td>९६८२६७</td></tr>
<tr><td>२४-२०७८/३/३०</td><td>सिद्धार्थ स्मारक मा.बि. १</td><td>३४१६१४४</td></tr>
<tr><td>९-२०७८/३/२०</td><td>जन प्रिय आद्यारभूत बिद्यालय ६</td><td>६७८०८६</td></tr>
<tr><td>२२०-२०७८/१/१९</td><td>नरसिंह मन्दिर निर्माण उ.स. १</td><td>१९५००००</td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td>१३४२७७८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
पूँजीगतबाट चालु प्रकृतिको खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (१) मा नगरपालिकाले योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने खालको योजना तर्जुमा गर्नुपर्ने त्यस्तै, ऐनको दफा ३ (१) मा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने खालको छिटो प्रतिफल प्राप्त गर्न सकिने तथा जनताको जीवनस्तर, आम्दानी र रोजगारी श्रृजना गर्ने खालका योजनाहरु तर्जुमा गरी योजनाहरु कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका वितरणमुखि कार्यक्रममा पूँजिगत बजेट खर्च शीर्षकबाट प्रतिफल प्राप्त गर्न नसकिने खालका वितरणमुखि कार्यक्रममा पूजिगत बजेट खर्च गरेको छ । केही उदाहरणहरु यसप्रकारका छन् ।
<table>
<tr><td>भौ.नं. / मिति</td><td>व्यक्ति तथा संस्थाको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>३४-२०७८/३/२४</td><td>साईकलमा सटिकर टाँसेको</td><td>१२४००</td></tr>
<tr><td>३२-२०७८/३/२४</td><td>पोषण सामग्री खरिद</td><td>१८००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१-२०७८/३/२४</td><td>कपिलवस्तु दर्पण / सूचना प्रकाशन</td><td>१५०००</td></tr>
<tr><td>३०-२०७८/३/२३</td><td>साझा न्यूज</td><td>१५०००</td></tr>
<tr><td>२८-२०७८/३/२३</td><td>बैठक भत्ता अनुगमन भत्ता भुक्तानी</td><td>९२२००</td></tr>
<tr><td>२६-२०७८/३/२२</td><td>बाख्रा खरिद</td><td>४५८३२५</td></tr>
<tr><td>२४-२०७८/३/२१</td><td>कपिलवस्तु सन्देश</td><td>५०००</td></tr>
<tr><td>१८-२०७८/३/१७</td><td>सामुदायिक रेडियो माया देवी</td><td>१५००००</td></tr>
<tr><td>११-२०७८/२/३१</td><td>भुसाल एग्रो भेट एण्ड दुध डेरी सेन्टर</td><td>२९३७००</td></tr>
<tr><td>१९१-२०७८/१/१०</td><td>सिद्धार्थ काष्ठ तथा फर्निचर पसल</td><td>१४९३३०</td></tr>
<tr><td>३१५-२०७८/३/२२</td><td>न्यू सझा अफसेट प्रेस</td><td>३६६१२</td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td>१४०७५६७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>
जटिल संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले देहायका उपभोक्ता समितिहरु मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने R.C.C .कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>भौ.नं. / मिति</th><th>उपभोक्ताको नाम</th><th>कामको विवरण</th><th>एकाई</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रकम</th></tr>
<tr><td colspan="3">प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३५-२०७८/३/२४</td><td>रनगई स्वास्थ्य चौकी बाउण्ड्री बाल ३</td><td>M २०</td><td>घ.मी.</td><td>२२.३५</td><td>१३९१९</td><td>३११०९४</td></tr>
<tr><td colspan="3">संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(विवरण तलको तालिकामा)	

२४-२०७८/३/३०	सिद्धार्थ स्मारक मा.बि. भवन नि. उ. स. १	M २०		९४.८३	१२६३३	१२१२४२९
नगरपालिका पूँजीगत कार्यक्रम						
२२०-२०७८/१/१९	नरसिंह मन्दिर नि.उ.स. १	M २०		५७	११०७३	६३५३८९
२१९-२०७८/१/१९	अधुरो सामुदायिक महिला भवन नि.उ.स. २	M २०		१३.९	१३९१९	१९३४७६
२३८-२०७८/२/३१	भुटैयाटोल अधुरो नाली P.C.C. नि.उ.स.			२४.७७	९९८३	२४७२९६
		M २०		५१.६८	९९२९	५१३१३४
२५५-२०७८/३/४	करनिहवामा कल्भर्ट निर्माण उ.स.	M २०		५.५२	९९२९	५४८०८
२६७-२०७८/३/९	मस्जिद नि.उ.स. ६	M २०		१७.७	१३९१९	२४६३६९
जम्मा रकम						३४१३९९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**प्राविधिक मूल्यांकनबाट कायम परिमाणः**	११७०७७

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका उपभोक्ता समितिहरुबाट कार्य गराएकोमा निम्नानुसारका कार्यको स्वीकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम भएको दर रेट भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु

भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	निर्माण सामग्रीको नाम	एकाई	मूल्यांकित परिमाण	भुक्तानी परिमाण	बढी भुक्तानी परिमाण	भुक्तानी दर	बढी भुक्तानी रकम
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम									
३७-२०७८/३/२५	दक्षिण टोलदिप टयूवेल जाने बाटो उ.स. ३	NP३ ३०cm	हयूम पाइप	र.मी.	१०	१५	५	३९९८	१९९९०
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम									

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

२३-२०७८/३/३०	श्री मा.बि. महुवा बाबा	Brick masonary(१:६)	चिम्नी भट्टा ईटा	संख्या	२२०००	२३४१३	१४१३	९.०४	१२७७३
३१६-२०७८/३/२२	पकरहेटा सडक पि.सि.सि. उ.स. ५	पि.सि.सि	गिट्टी	घ.मी.	६२.४	७२	९.६	२४००	२३०४०
२६५-२०७८/३/८	जुरपानी ओभरफ्लो नि.उ.स. १	छड	१६ mm	के.जी.	८१६	९७३	१५७	११३.२६	१७७८२
२६५-२०७८/३/८	जुरपानी ओभरफ्लो नि.उ.स. १	छड	१२ mm	के.जी.	९८६	१०६०	७४	११३.२६	८३८१
२६५-२०७८/३/८	जुरपानी ओभरफ्लो नि.उ.स. १	छड	१० mm	के.जी.	७४०	१०५०	३१०	११३.२६	३५१११
जम्मा रकम									११७०७७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**सव कन्ट्र्याक्टबाट निर्माण कार्य गराएको :**	
			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नगरपालिकाले यस वर्ष भचना नाला सरसफाई उपभोक्ता समितिबाट नाला सरसफाईको काम आफै गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यावसायी रहमान सप्लायर्सबाट काम गराएको देखियो । नगरपालिकाले यसरी निर्माण व्यावसायीबाट कम मूल्यमा काम गराई उपभोक्ता समितिबाट कार्य गराएको भनी रु २५६३०६ भुक्तानी दिएको छ । उपभोक्ता समितिले निर्माण कार्य वापत रु ३१२११९ को कार्यसम्पन्न प्रतिवेदन पेश गरेको छ । यसरी उपभोक्ता समितिबाट निर्माण कार्य गराउने गरी सम्झौता भएको कार्य निर्माण व्यवसायीबाट सम्पन्न गराउने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।	
२९			**नाफामूलक संस्थालाई अनुदान :**	
			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेबा प्रवाह उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भवन निर्माण तथा कार्यालय व्यवस्थापन खर्चका लागि रु ३ लाख ७ हजार ५०० अनुदान रकम उपलब्ध गराएक छन। तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन ।	

भौ.नं. / मिति	व्यक्ति तथा संस्थाको नाम	अनुदान प्रयोजन	अनुदान रकम
४६-२०७८/३/३०	साझा न्यूज	भवन निर्माण	२९२५००
२३-२०७८/३/२१	नेपाल फोटो पत्रकार महासंघ	सहायता	१५०००
जम्मा अनुदान रकम			३०७५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**गुणस्तर परीक्षण :**	
			गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ती व्यवस्था अनुसार निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट गिट्टी, ढुंगा, डण्डी र बालुवाको परीक्षण गराउनु पर्नेमा गराएको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले यसमा सुधार हुनु पर्दछ ।गुणस्तर परीक्षण बेगर भुक्तानी गरेका केही उदाहरण देहाय बमोजिम छन् ।	

भौ.नं. मिति	उपभोक्ता समिति	कामको प्रकृति	खुद भुक्तानी
१८—२०७७।७।२६	नपा प्रशासनिक भवन	पक्की भवन	२४३०३५१
२३—२०७७।८।२४	अधुरो नाली निर्माण, वार्ड नं. ९	पक्की नाली	३९००००
२४—२०७८।८।२४	दिहवासम्म जाने बाटो स्तरोन्नति	पीसीसी	६८२५००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१—२०७७।९।१२</td><td>जोतपुर पूर्व पश्चिम सडक</td><td>पीसीसी</td><td>१४६२५००</td></tr>
<tr><td>४७—२०७७।९।२९</td><td>गेल्वार र डबरा गाउँ सडक पीसीसी</td><td>पीसीसी</td><td>३९००००</td></tr>
<tr><td>५१—२०७७।१०।७</td><td>बदलपुरा पूर्व टोल अधुरो भित्री गल्ली</td><td>ब्लक</td><td>७८००००</td></tr>
<tr><td>९३—२०७७।११।१३</td><td>मुगुरगाढ गाउँको गल्लीबाटो</td><td>पीसीसी</td><td>८७७५००</td></tr>
<tr><td>२९९—२०७८।३।२०</td><td>बुट्टी थारू गाउँको अधुरो सडक</td><td>ह्युम पाइप, पीसीसी</td><td>९७१४६५</td></tr>
<tr><td>३००—२०७८।३।२०</td><td>भोर्लाई चफेला नाली निर्माण</td><td>आर.सी.सी. ढलान,</td><td>९७१४६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>लागत अनुमान :</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११ वमोजिम सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । नियम ११(२) अनुसार मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय रहेको जिल्लाको वास्तविक लागत, स्थानीय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेट जस्ता आधारहरु लिनुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक वनबाट सञ्चालित उद्योगलाई प्रोत्साहन अनुदान शीर्षकबाट लागत अनुमान रू. ५४१७३२।— भएको ट्रलिमेशन जडान कार्य वापत उपभोक्ता समितिबाट मेशिन खरिद र जडान गर्ने गरी लागत अनुमान तयार गर्दा लागत अनुमानको आधार पेश भएन । उपभोक्ता समितिले सिद्धि मेशिनरी स्टोरको वील नं. १२७४ मिति २०७८।३।१८ को वीलबाट ट्रली मेशिन र सोमा जडान हुने मोटर समेत रू. ४३०००० मा खरिद गरेको देखिन्छ । उक्त विजक र प्राविधिक मूल्यांकनको आधारमा कार्यालयले उपभोक्ता समितिलाई रू. ४८७५००।— भुक्तानी दिदा लागत अनुमानको आधार पेश नएको रू.</td><td>४८७,५००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**जटिल संरचनाको निर्माण :**	
			जटिलसंरचना निर्माण — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान
१८—२०१८।७।२६	नपा प्रशासनिक भवन	भवन	२५६५८६२.
३०१—२०७८।३।२०	कपिलवस्तु रा.मा.वि. भवन निर्माण	भवन	१६२११५४.
३३१—२०७८।३।२३	सोलार बत्ती (३९ वटा)	सडक बत्ती	१८९५७१७.
३३५—३२५।३।२२	बहुउद्देश्यीय कभर्ड हल निर्माण	भवन	५४१५१७.
३४६—२०७८।३।२५	धर्मशाला निर्माण	भवन	५१३३५७.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**उपभोक्ता समितिबाट प्रशासनिक भवनको निर्माण कार्य :**	
			नगरपालिकाको प्रशासनिक भवन उपभोक्ता समितिबाट गराएको: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी	१,६८७,८२९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरणा नहुने भवन लगायतका अन्य संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो । नगरपालिकाले भौ नं ४४२।२०७८।३।३० बाट यस कार्यालयको प्रशासनिक भवन निर्माण गर्न त्यसबाट प्रत्यक्ष लाभ प्राप्त नहुने अवस्थामा लाभग्राही समुदायसँग मिति २०७७।१०।२९ मा रु १९६४८३ जनश्रमदान सहित रु २०१०१७७ को सम्झौता गरी २०७८।३।३० मा कार्य सम्पन्न गरेको पाइयो ।यसरी कार्यालयको भवन निर्माण जस्तो लाभग्राही समुदायले प्रत्यक्ष लाभ लिन नसक्ने विषयमा समेत जनश्रमदान सहित निर्माण कार्य उपभोक्ता समितिबाट गराउनु नियमसंगत नभएको रु	
३४			**कर विजक बेगर खरिद :**	
			ढुंगा, गिट्टी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १८ अनुसार नदी जन्य पदार्थ ठेक्का लिने व्यवसायी अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य सम्पन्न गरे पश्चात उपभोक्ता समितिले पेश गरेको मू.अ.कर लाग्ने ढुंगा, गिट्टी, बालुवा, ग्राभेल जस्ता निर्माण सामग्री व्यक्ति मार्फत भर्पाइको आधार खरिद गरेको कागजात पेश गर्ने गरेको पाइयो । कपिलवस्तु जिल्लाका स्थानीय तहहरूले नदीजन्य पदार्थको उत्खनन गरी विक्री गर्ने प्रयोजनको लागि ढुंगा, गिट्टी, बालुवा उत्खनको ठेक्का लगाएको अवस्थामा समेत व्यक्ति मार्फत यस्ता निर्माण सामग्री उपभोक्ता समितिले खरिद गरी भर्पाइ पेश गरेकोले राजस्व समेत चुहावट भएको छ । मू.अ.करमा दर्ता नभएका व्यक्तिबाट कर विजक वेगर निर्माण सामग्री खरिद गर्दा चोरी निकासी समेत बढ्ने हुँदा यस्तो कार्यलाई नियन्त्रण गर्नु पर्दछ । व्यक्तिबाट ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य बस्तु खरिद गरी भर्पाइ पेश गरेको उदाहरण देहाय अनुसार छन् —	

भौ.नं. मिति	उपभोक्ता समिति	भुक्तानी	विक्रेता	निर्माण सामग्री	मूल्य
३१–२०७७।९।१२	जोतपुर पूर्व सडक	१४६२४००	पूर्ण वहादुर क्षेत्री	ग्राभेल, वालुवा	५७६०००
			विन बहादुर बन्जाडे	माटो	२१०००
३५–२०७७।९।२२	अधुरो पीसीसी, हरदासडिहवा	५२९७४७	राजेश कुमार यादव	मिस्कट, बालुवा	१५६०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>दयाराम कुर्मी</td><td>गिट्टी</td><td>११२०००</td></tr>
<tr><td>३६–२०७७।९।२२</td><td>परिश्वर सुवेदीको घरदेखि टावारसम्म सडक</td><td>२९२५००</td><td>पूर्ण वहादुर क्षेत्री</td><td>मिस्कट</td><td>७२०००</td></tr>
<tr><td></td><td></td><td></td><td>दिल वहादुर थारू</td><td>बालुवा</td><td>२७०००</td></tr>
<tr><td></td><td></td><td></td><td>पूर्ण वहादुर क्षेत्री</td><td>गिट्टी</td><td>४२०००</td></tr>
<tr><td>३७–२०७७।९।२२</td><td>अधुरो पीसीसी ढलान</td><td>४७८९१६</td><td>राजेश कुमार यादव</td><td>मिस्कट</td><td>१५३२००</td></tr>
<tr><td></td><td></td><td></td><td>दयाराम चौधरी</td><td>गिट्टी</td><td>९३०००</td></tr>
<tr><td>५०–२०७७।१०।६</td><td>कपासी वस्तिमा सडक</td><td>५७५४०५</td><td>गुमन प्रसाद बन्जाडे</td><td>मिस्कट, माटो</td><td>५२३५००</td></tr>
<tr><td>५२–२०७७।१०।७</td><td>बकुलीपुर गाउँको सडक</td><td>१४६२५००</td><td>प्रमोद आचार्य</td><td>गिट्टी, वालुवा</td><td>७१४०५०</td></tr>
<tr><td></td><td></td><td></td><td>शशि अधिकारी</td><td>ढुंगा, गट्टी</td><td>७२५००</td></tr>
<tr><td></td><td></td><td></td><td>परशुराम थारू</td><td>,,</td><td>१०९९०७</td></tr>
<tr><td></td><td></td><td></td><td>राम शंकर थारू</td><td>,,</td><td>६७५००</td></tr>
<tr><td>७९–२०७७।११।५</td><td>पक्रेहटा विचौवापुर सडक</td><td>६७३१२४</td><td>नुर मोहम्द गद्दी</td><td>माटो खरिद</td><td>१८२०००</td></tr>
<tr><td></td><td></td><td></td><td>छटु थारू</td><td>ग्राभेल खरिद</td><td>१३३१००</td></tr>
<tr><td></td><td></td><td></td><td>विष्णु प्रसाद श्रेष्ठ</td><td>,,</td><td>१३३१००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>विविध शीर्षक</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>शीर्षक फरक पारी खर्चः प्रदेश सशर्त पूँजीको भौ नं ४८ बाट मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रमको लागि रु ५००००० भुक्तानी दिएको छ । उक्त कार्यक्रमको लागि अपुग रकम रु ३५२४९९ संघिय सशर्त चालुको भौ नं २५३।२०७८।३।३० बाट भुक्तानी दिएको नियमसम्मत नभएको रु</td><td>३५२,४९९</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५.२			**फिल्ड भताः** अर्थ मन्त्रालयको मिति २०७१।४।२ च नं ५ को पत्र तथा स्वास्थ्य मन्त्रालयको मिति २०७६।६।१२ को च नं ११८ को पत्र अनुसार फिल्डमा कार्यरत स्वास्थ्य कर्मचारीहरुलाई फिल्ड भता दिन मिल्ने आशयका आधारमा पालिकाले भौ नं २४०।२०७८।३।२९ बाट स्वास्थ्य कर्मचारीहरुलाई फिल्ड भता स्वरुप २२ जना कर्मचारीहरुलाई १२ महिनाको रु १२०० का दरले जम्मा रु २९३४०० भुक्तानी दिएको छ ।उक्त पत्रानुसार फिल्डमा कति समय काम गरेको हो सो प्रमाणित भएकालाई मात्र भता दिने उल्लेख छ ।पालिकाले बिना कुनै हाजिरी प्रमाणको भुक्तनी दिएको भताको प्रमाण पेश हुनुपर्ने रु	२९३,४००
३५.३			**सोधभर्ना गर्नुपर्नेः** कोरोना भाइरस (कोभिड-१९) को उपचारमा संलग्न व्यक्तिको जोखिम भता व्यवस्थापन आदेश, २०७७ को दफा ६ को उपदफा १ र २ मा जोखिम भता व्यवस्थापन अन्तर्गत कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटाएका जनशक्तिलाई स्थानीय तहले नै जोखिम भताको व्यवस्था गर्नु पर्ने व्यव्था छ।पालिकाले संघिय सशर्त चालुको भौ.नं. २६५-०७८/३/३० बाट पालिकाका स्वास्थ्यका कर्मचारीलाई रु.२७५०३६/- जोखिम भता वितरण गरेको देखियो। अतः पालिकाले सशर्तको अनुदानबाट जोखिम भता वितरण गरेकोले उक्त रकम सोधभर्ना गरी बेरुजु खातामा दाखिला हुनुपर्ने रु.	२७५,०३६
३६			**प्रधानमन्त्री रोजगार कार्यक्रम**	
			कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ६३ लाख मध्येबाट सडक मर्मत सम्भार १, ताल तथा सौन्दरीकरण २ वटा, कलो मर्मत तथा समई थान सन्दरीकरण १ कार्यमा सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ३२११०८७०।— खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि २२३ जनाले निवेदन दिएकामा जम्मा १४१ जना छनोट भएको प्रतिवेदन नगरपालिकाले तयार गरेको छ । पालिकका १० वटा वडा मध्ये ४ वडामा यो कार्यक्रम संचालन भएको जानकारी पालिकाले दिएको छ । ४ वटा वडामा सञ्चालित कार्यक्रममा १४१ जनालाई दैनिक ५१७ को दरले अधिकतम् ८४ दिन देखि न्यूनतम ४ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७	१६९	२०७७-१२-२३	**धुर्मुस सुन्तली फाउन्डेसनः** नगरपालिकाको २०७७।११।१८ को निर्णय अनुसार यस वुद्धभूमि नगरपालिकाको तर्फबाट धुर्मुस सुन्तली फाउन्डेसनलाई गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको लागि रू. ५ लाख यसै कार्यपालिकाको बैठक भत्ता, १ दिनको जन प्रतिनिधिको सुविधा साथै कर्मचारी मिलन केन्द्र मार्फत सञ्चालन गरिएको प्रति शिक्षक/कर्मचारीको कम्तिमा एक हजार सहयोगका लागि मिलन केन्द्र मार्फत आब्हान गरी प्राप्त रकम एक मुष्ठ रुपमा नगरपालिकामा सहयोग हस्तान्तरण कार्यक्रम आयोजना गरी रकम उपलब्ध गराउने उल्लेख छ । तर पालिकाले नगरपालिका पूँजीगत शीर्षकबाट रु. ५ लाख सहयोग गरेको पाइयो । उक्त फाउन्डेशन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणको कामबाट पछि हटेको कारणले नगरपालिको सहयोग रकमको सदुपयोग समेत नभएको अवस्था छ । पालिकाको क्षेत्र भन्दा वाहिरको निजी संस्थालाई प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५ लाख भुक्तानी दिएको अनियमित देखिएको रू.	५००,०००
३८	४४४	२०७८-३-३०	**मौज्दात राखेको** मौज्दातः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) अनुसार वील वा वीजकको भुक्तानी गर्दा प्राविधिक नापचाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्न सक्ने उल्लेख छ । आर्थिक वर्षको अन्त्यमा रम्भादेवी कंक्रिट इण्डष्ट्रिज प्रा. लि.बाट रू. ३२४८००।– को ह्युमपाइप ११ थान खरिद गरी प्राविधिक मूल्यांकन बेगर खर्च लेखेको पाइयो । उक्त परिमाणको निर्माण सामग्री आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु.	३२४,८००
३९			**बजेट फ्रिज गर्नुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(७) मा प्रदेश तथा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनु पर्ने रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा बिभिन्न दुई उपभोक्ता समितिहरुलाई बजेट फ्रिज नहुने उद्देश्यले निज उपभोक्ता समितिहरुको खाता रोक्का (कार्यसम्पन्न पछि खाता फुकुवा गर्ने गरी) राखि रु ११३९८००० निकासा दिएको छ । नगरपालिकाले नियमावलीको	११,३९८,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नियम ३०(७) मा भएको व्यवस्था प्रतिकुल हुने गरी देहायका उपभोक्ता समितिहरुलाई नापी किताब, ठेक्का / उपभोक्ता समितिको बिल, कार्यसम्पन्न प्रतिवेदन बेगर भुक्तानी दिएको नियमित मान्न नसकिएको रु	

भौ.नं. / मिति	उपभोक्ता समितिको नाम	बापत	निकासा / भुक्तानी रकम
२१-२०७८/३/३०	मदरसा अरेविया अहले सुन्नत मजहरुल ओलुम आ.बि.	भवन निर्माण	१७४६०००
२६-२०७८/३/३०	नमुना विद्यालय गौतम बुद्ध मा. बि.	भवन निर्माण	९६५२०००
जम्मा निकासा			११३९८०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**बैठक भत्ता भुक्तानीमा नियन्त्रण**	
			लुम्बिनी प्रदेश सरकार, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को १(क) मा बैठक कार्यालय समय अघि, पछि बसेको हुनु पर्ने, स्पष्ट विषयवस्तु, कार्ययोजना विनाको बैठकमा भत्ता प्रदान नगर्ने, कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक वसी कार्य सम्पन्न गर्नु पर्ने व्यवस्था छ । श्रेस्ताको नमूना परीक्षण गर्दा पालिकाले बर्षभरि प्रति बैठक प्रति कर्मचारी रु १००० का दरले खर्च लेखेको छ । विभिन्न समितिहरुको बैठकमा एउटै व्यक्ति सम्मिलित हुने भएकोले एकै दिन एउटै व्यक्तिलाइ दोहोरो भत्ता भुक्तानी हुन सक्ने अवस्थालाइ नियन्त्रण गर्न कुनै किसिमको व्यवस्था गरेको पाइएन । नियन्त्रण वातावरणको अभावमा दोहोरो भत्ता भुक्तानी हुन सक्ने भएकोले यस्तो भुक्तानीको सम्बन्धमा कार्यालयले एकीन गरी दोहोरो भत्ता भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्नु पर्दछ । स्पष्ट विषयवस्तु र कार्ययोजना वेगरका वैठक माथि रोक लगाइ बैठक खर्चमा मितव्यियता अपनाउनु पर्दछ ।	
४१			**मू अ कर समायोजन** पालिकाले ढुंगा गिट्टी बालुवा बिक्रीमा भ्याट संकलन गरी स्थानीय तहले राजश्व शीर्षक ३३३१७ (बेदर्तावालले संकलन गरी दाखिला गर्ने) मा दाखिला गर्नपर्नेमा सबै प्रकारका ठेक्का तथा परामर्शमा लाग्ने मू अ कर दाखिला गर्ने राजश्व शीर्षक ३३३१४ मा	२,१७५,९८४

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>दाखिला गरेकोले देहायका फर्म र निर्माण व्यावसायीले बेदर्तावालले संकलन गरि दाखिला गने राजश्व शीर्षक ३३३१४ मा नै दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>ठेक्का विवरण</th><th>निर्माण व्यावसायीको नाम</th><th>भ्याट रकम</th></tr>
<tr><td>घोगवा खोला</td><td>P R Multipurpose Construction & Suppliers</td><td>५९९१६२</td></tr>
<tr><td>वाणगंगा खोला</td><td>रितेश निर्माण सेवा</td><td>१०५९७६०</td></tr>
<tr><td>कोन्द्रा खोला</td><td>शर्मा एण्ड शर्मा कम्पनी</td><td>५१७०६२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१७५९८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षणतर्फ</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजुको सम्बन्धमा अन्तिम लेखापरीक्षण हुनुपुर्व नै नियमित गराउनुपर्नेमा नियमित गराइ, प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असूलउपर गर्नुपर्नेमा असूल उपर गरी बेरुजु लगत कट्टा गराउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखाएको बेरुजुहरु अन्तिम लेखापरीक्षणसम्म पनि फर्छयौट नगराएको रु</td><td>५९,७५४</td></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th colspan="2">असूल गर्नुपर्ने बेरुजु</th></tr>
<tr><td>औषधीउपचार खर्च — लुम्बिनी प्रदेश स्थानीय तह पदधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार नगरपालिकाका पदाधिकारीहरुले ऐनको दफा ३,४,५,६,७,८ र ९ सम्बन्धी अनसूची ख(अ) मा उल्लेख भएका सुविधामात्र पाउने उल्लेख छ । पालिकाले आ.व. २०७७-७८ मा अनुसुचीमा उल्लेख भएका सुविधा अतिरिक्त ५ जना पदाधिकारी सदस्यहरुलाई औषधी उपचार वापत रु. ४९५५९ भुक्तानी गरेको छ । ऐनको व्यवस्था विपरीत थप सुविधा दिने कार्यका नियन्त्रण गर्दै औषधी उपचार वापतको असुल गनुपर्ने रु.</td><td>४९५५४</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क.स.	गौ.भौ.न.-मिति	पदाधिकारीको नाम र पद	कैफियत	
१	११६,२०७७/०७/२३	रामकली सर्केनी — दलित म. सदस्य	३१५२	
२	१५८,२०७७/०८/२३	ईश्वरी प्रसाद पौडेल— वडा सदस्य	२१३५२	
३	३४५,२०७७/११/१९	सरस्वती कुवँर — महिला सदस्य	७२००	
४	४२४,२०७७/१२/२३	खिमकला पाण्डे — महिला सदस्य	२८५०	
५	५८७,२०७७/०३/०९	वास्मती कोरी — दलित म. सदस्य	१५०००	
जम्मा			४९५५४	
संघीय सरकार सशर्त तर्फ				
१७०—२०७८-०३-१६— क्क्ष्थ्द्य तालिम संचालन गरे वापत श्री संगिता बेलबासेलाई रु ४५५८० भुक्तानी भएकोमा निजले अनुगमन बापत रकम रु. ८५० को भरपाई पेश नगरेकाले सो रकम फिर्ता गर्नु पर्ने रु				८५०
१९७—२०७८-०३-२२— हात्ति पाईले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम वा पतश्री खुवीराम खनाललाई रु. ९९९३७ भुक्तानी भएकोमा निजले अनुगमन बापत रकम रु. ८५०० को भरपाई पेश नगरेकोले ले सो रकम फिर्ता गर्नु पर्ने रु				८५००
१९९—२०७८-०३-२२ तालिम संचालन गरे वापतश्री संगिता सिहंलाई रु २६३६० भुक्तानी भएकोमा निजले अनुगमन बापत रकम रु. ८५० को भरपाई पेश नगरेकाले सो रकमफिर्ता गर्नु पर्ने ।				८५०
कार्य संचालन निर्देशिका २०७५ को ७.१.१५ अनुसार अधिकृत स्तरको कर्मचारीले बढीमा प्रति सत्र १६०० र सहायक स्तरको कर्मचारीले बढीमा प्रति सत्र ११०० लिन मिल्ने र साथै कार्यपत्र समावेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सो व्यवस्था विपरित तपसिलका कर्मचारीले लिएको बढी रकम असुल हुनुपर्छ ।				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th colspan="2">बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td colspan="2">
<table>
<tr><th>क्र.स.</th><th>कर्मचारीको नाम र पद</th><th>लिन मिल्ने</th><th>असुल गर्नुपर्ने</th></tr>
<tr><td>१</td><td>देविराम बेल्बासे—अधिकृत छैठौ</td><td>१६००</td><td>६८०</td></tr>
<tr><td>३</td><td>कृष्ण प्रसाद भट्टराई—अधिकृत छैठौ</td><td>१६००</td><td>२५००</td></tr>
<tr><td>२</td><td>छोटेलाल कोहार—सहायक पाँचौ</td><td>११००</td><td>६८०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>कानूनी सल्लाहकार— लुम्बिनी प्रदेश स्थानीय तह पदधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव-सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । तर पलिकाले कानूनी सल्लाहकारको रुपमा हुमबहादुर कुवँरलाई नियुक्त गरी रु. १५०००० भुक्तानी गरेको नियमसंगत नदेखिएको रु</td><td>१५००००</td><td>२०२,५००</td></tr>
<tr><td></td><td></td><td></td><td>सचना प्रकाशन— सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ र ५ अनुसार सार्वजनिक निकायले खरिद गर्नुपर्ने मालसमान, निर्माण कार्य र सेवाको आवश्यकताका आधारहरु सहितको विवरण तयार गनुपर्ने र वास्तविक रुपमा आवश्यक सेवा निर्माण कार्य वा मालसमान खरिद प्रक्रिया शुरु हुनु अघि तोकिए बमोजिम लागत अनुमान तयार गरी खरिद सम्झौताका आधारमा खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । यसै गरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा सार्वजनिक खर्च गर्दा आवश्यक मापदण्ड कार्यविधि अन्तगर्त रही सम्बन्धित बजेट शीर्षक अन्तगत आवश्यक प्रमाण कागजात सहित खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । पलिकाले आर्थिक बर्ष २०७७/७८ मा सुचना प्रशारणका लागि देहाय बमोजिमका संस्थाहरुलाई विभिन्न कन्टिजेन्सी शीर्षकबाट लागत अनुमान तयार नगरी आवश्यकता पहिचान र मापदण्ड कार्यविधि विना भुक्तानी दिएको पाईएकाले अनियमित देखिएको रु.</td><td>५२५००</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ.न. र मिति</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>५६९—२०७८/०३/०२</td><td>कमन नेपाल प्रा.लि.</td><td>सन्देशमूलक सुचना प्रशारण</td><td>१०००००</td></tr>
<tr><td>७२०—२०७८/०३/२४</td><td>नेपाल पर्यटन पत्रकार संघ</td><td>सुचना प्रशारण</td><td>५००००</td></tr>
<tr><td>७६१—२०७८/०३/२६</td><td>गच्छामी मिडिया ग्रप प्रा.लि</td><td>सुचना प्रशारण</td><td>१००००</td></tr>
<tr><td></td><td>सामुदायिक रेडियो वाणगंगा</td><td>सुचना प्रशारण</td><td>९००००</td></tr>
<tr><td>६४५—२०७८/०३/१६</td><td>सामुदायिक रेडियो मायादेवी</td><td>सार्वजनिक सुचना</td><td>४००००</td></tr>
<tr><td></td><td>रेडियो कपिलवस्तु</td><td>रेडियो कार्यक्रम</td><td>९५०००</td></tr>
<tr><td>६४६—२०७८/०३/१६</td><td>हर्ट विटएफ. एम.</td><td>जनहितमा जारी सन्देश</td><td>४००००</td></tr>
<tr><td>७४२—२०७८/०३/२५</td><td>क्रिएशन दर्शन मिडिया</td><td>रेडियो कार्यक्रम</td><td>२५०००</td></tr>
<tr><td>७४२—२०७८/०३/२५</td><td>सामुदापयिक टेलीभिजन बुद्ध आवाज</td><td>कर्यक्रम छायांकन तथा प्रशारण</td><td>७५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५२५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>